# अन्नपूर्ण गाउँपालिका
# वडा नं. ६ को कार्यालय, घार म्याग्दीको
# सार्वजनिक सुनुवाइ कार्यक्रमको
# प्रतिवेदन

**पृष्ठभुमी :**

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि वि.स. २०७४ देखि सोही अनुरुप अभ्यास गर्दै आएका छन् । सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कामलाई जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई समान हिसाबले उपलब्ध गराउनु राज्यको दायित्व हो । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुसासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तव्यउन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ ।

स्थानीय स्तरको विकास समग्र देश विकासकै सुचक भएको हुँदा नेपाल सरकारले स्थानीय तहलाई समुचित तवरले विकासोन्मुख गति तर्फ अघि बढाउन उपलब्ध गराउने अनुदानका अतिरिक्त स्थानीय तह आफै राजस्व संकलन गर्ने र सोको उचित परिचालन गर्ने व्यवस्था नयाँ अवधारणा हो । तथापी आवश्यक्ताहरु, प्राथमिकताहरु, उपलब्ध अवसर तथा साधन श्रोतको तुलनामा निकै चूनौतिपूर्ण छन् । विकास जनताको नजिक र सेवा सुविधाहरु जनताको वरपर पुऱ्याउनु सुशासनप्रतिको विश्वासको वलियो आधार हो । विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ ।

विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंकसमानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासनतथा अन्तरसम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउनतर्फ स्थानीय सरकार लागेका छन् ।

तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तब्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाइ गराउनुपर्ने हुन्छ । आफ्ना कामबारे जनताले जाँच्छन् । उनीहरुको प्रतिक्रिया सुन्न र गल्ती नदोहोऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी पनि छन् । स्थानीय सरकार सन्चालन ऐन सुशासनका लागि सार्वजनिक सुनुवाईको परिकल्पना गरेको छ ।

हरेक स्थानीय तहको स्वमुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाईएको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाइ भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ । यसै

क्रममा म्याग्दीको अन्नपूर्ण गाउँपालिका ६ नं. वडा कार्यालयको आयोजनामा वि.स. २०८१ साउन महिनाको २६ गते घार स्थित वडा कार्यालयको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

## सार्वजनिक सुनुवाइ गरिएका विषयवस्तुहरु :

क) अन्नपूर्ण गाउँपालिका म्याग्दीको कार्यालयद्धारा आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित योजना तथा कार्यक्रम ।
ख) अन्नपूर्ण गाउँपालिका वडा नं. ६ घारमा रहेका सामाजिक संघ संस्थाहरुको गतिबिधी ।
ग) गाउँपालिका अर्न्तगत रहेका विषयगत शाखाबाट सम्पादित कार्यक्रम तथा योजनाहरु ।
ग) वडा कार्यालयको सेवा प्रवाह र विकास निर्माणलगायत योजनाहरुको प्रगति सहितका गतिविधिहरु ।

कार्यक्रम स्थल : अन्नपूर्ण गाउँपालिका वडा नं. ६ को सभाहल
मिति र समय : २०८१ साउन २३ गते दिउँसो १२ बजेदेखि
कार्यक्रमको समयावधी : ५ घण्टा
सहजीकरण : सन्तोष गौतम

### सार्वजनिक सुनुवाइमा उठेका प्रश्न, जिज्ञासा र उत्तर :

| क्र.स. | प्रश्नकर्ताको नाम र व्यहोरा | जवाफ दिने ब्यक्ति र ब्यहोरा |
|---|---|---|
| १. | **रामकृष्ण खड्का, अन्नपूर्ण ६ घार**<br><br>-मुक्तिमार्ग शिक्षा क्याम्पस विद्यार्थी अभावका कारण संकटमा परेको छ । यसको व्यवस्थापन र दिगो सञ्चालन गर्न गाउँपालिकाको योजना के छ ?<br><br>-पोखरेबगरको खेलमैदान बनाउन पालिका र वडाले गरेको प्रतिवद्धता अनुसार योजना कार्यान्वयन र बजेट बिनियोजनमा किन ढिलाई भएको हो ?<br><br>-गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि जग्गा खोज्ने काम कहाँ | **दिवा तिलिजा पुन, उपाध्यक्ष, अन्नपूर्ण गाउँपालिका**<br><br>-समुदाय स्तरबाट लिखित निवेदन आएपछि क्याम्पसको दिगो सञ्चालनका लागि गाउँपालिकाले छलफल अघि बढाउछौं । पोखरेबगरको स्कुलको भवन र जग्गामा मुक्तिमार्ग क्याम्पस स्थानान्तरण गरेर चलाउने विषयमा अनौपचारिक छलफल पनि भएको छ ।<br>**-रामबहादुर खड्का, वडा अध्यक्ष अन्नपूर्ण-६ म्याग्दी**<br>प्राविधिक, हामी जनप्रतिनिधी र क्लवका पदाधीकारीहरुको कुन ठाउँमा कस्तो काम गर्ने भन्ने बुझाईमा एकरुपता नहुँदा समस्या भएको हो । पछि नदी नियन्त्रण गरेर खेलमैदान संरक्षणको काम भएको छ ।<br>**-दिवा तिलिजा पुन, उपाध्यक्ष, अन्नपूर्ण गाउँपालिका** |

| | | |
|---|---|---|
| | पुगेको छ ? | -निशूल्क जग्गा नपाउने भएपछि खरिदको अनुमतिका लागि मन्त्री परिषद्मा प्रस्ताव पठाएका छौ । संघीय सरकारले अनुमति दिएपछि उपयुक्त ठाउँमा जग्गा खरिदको प्रक्रीया अघि बढाउछौ । जग्गा किनेपछि भवन बनाउन बजेट पनि बिनियोजन भएको छ ? |
| २. | **बेलबहादुर बरुवाल, प्रअ भुवानी आधारभूत विद्यालय**<br>-भुवानी आधारभूत विद्यालयको भवन चर्कीएर जिर्ण भएको विषयमा गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्ष, प्रहरी टोली आएर अनुगमन निरिक्षण भयो । विदेशबाट आएको सहयोग, प्रदेश सरकारको ३ लाख बजेटबाट ५ कोठे भवन बनाएपनि कोठा पार्टेशन गर्ने, फर्निचर ब्यवस्थापन गर्ने काम बाँकी छ । यस विद्यालयको समस्या समाधानका लागि गाउँपालिकाले किन उदाशिनता देखाएको हो ? | **-दिवा तिलिजा पुन, उपाध्यक्ष, अन्नपूर्ण गाउँपालिका**<br>-ब्रिटिस गोर्खा वेयलफेरबाट भवन बनाउन भनेर गाउँपालिकाले बजेट बिनियोजन नगरेको तर वेयलफेयरबाट कार्यक्रम नपाएको । यसअघि ३२ लाखको बजेट आउँदा फ्रिज गरेको र प्रहरीले जलविद्युत आयोजनाको सुरुङ खन्दा विद्यालय भवनमा क्षति पुगेको प्रतिवेदन दिएकाले विपद् शिर्षकको बजेट ल्याउन नसकेको । बजेट बब्यवस्थापन गरेर भवन निर्माणलाई पूर्णता दिई प्रयोगमा ल्याउन पहल गर्ने । |
| ३. | **चन्द्रबहादुर बर्देवा, अन्नपूर्ण-६ घार**<br>-पोखरेबगर-चित्रे सडक अन्तर्गत लुलीया र हल्लेखर्कको पहिरो रोकथामका लागि के पहल भएको छ ?<br><br>-घोडेपानी देखि कास्कीको उल्लेरी हुदै पोखरा जोड्ने सडक निर्माणको काम किन हुन सकेन् ?<br>-घारखोला जलविद्युत आयोजनाबाट स्थानीय लाइन वितरण गर्न सम्भव छ की छैन ? | **रामबहादुर खड्का, वडा अध्यक्ष, घार**<br>-सम्बन्धीत आयोजना कार्यालयमा गएर पहिरो क्षेत्रमा सडक मर्मतका लागि ध्यानाकर्षण गराएका छौ । ठेकेदारले डिएलपी पिरियडभित्र मर्मत गर्नुपर्छ । ठेकेदारले केही दिनमा डोजर र ब्याकुहोलोडर ल्याएर सडक मर्मत शुरु गर्ने खबर गरेका छन् ।<br><br>-आईइई प्रक्रियामा छ । आईई स्विकृत भएपछि सडक निर्माण हुन्छ । यसपाली पनि बजेट बिनियोजन भएको छ ।<br>-म्याग्दी हाइड्रोपावरसँग स्थानीय लाइनको विषयमा छलफल गर्छौ । सम्भव भए काम अघि बढाउछौ । |
| ४. | **सुवोध बरुवाल, अन्नपूर्ण-६ बिरौटा**<br>-वडा कार्यालयहरुमा किन सचिव नराखेको ? स्वास्थ्य, कृषि र भेटनरीका कर्मचारीले वडा सचिवको काम गर्दा सम्बन्धित क्षेत्रका | **भगवति कटुवाल, प्रशासकीय अधिकृत**<br>-प्रदेश लोक सेवा आयोगमा वडा सचिव मागेका छौ । लोक सेवाले कर्मचारी पठायो भने कृषि, स्वास्थ्य र |

| | | |
|---|---|---|
| | काम प्रभावित भयो ।<br><br><br><br><br><br>**-**खेतीबालीलाई ओसेप बनाएको रुख काट्ने निर्णय किन कार्यान्वयन भएन ?<br><br><br><br><br><br><br>-कालीमाटीमा झोलुङ्गे पुल निर्माण गर्न किन ढिलाई भएको हो ?<br><br>-अन्नपूर्ण गाउँपालिकाको फोहोर ब्यवस्थापन गर्ने योजना के छ ? | भेटेरीनरीका कर्मचारीलाई सम्बन्धित शाखाको मात्र जिम्मेवारी दिन्छौ । स्थायी कर्मचारीले मात्र पञ्जाधिकारीको काम गर्न पाउने भएकाले उहाँहरुलाई दोहोरो जिम्मेवारी दिनुपर्ने बाध्यता आएको हो ।<br><br><br>**रामबहादुर खड्का, वडा अध्यक्ष, घार**<br>**-**हामीले पटक पटक सम्बन्धित रुखका धनीहरुलाई ओसेप बनाएको रुख हटाउन भनेका छौ । मान्नुभएको छैन । थप छलफल गरेर निर्णय कार्यान्वयन गर्छौ ।<br>-कालीमाटीमा झोलुङ्गे पुल बनाउन कार्यपालिकाले योजना माग गरेको छ । आगामी वर्ष बनाउने योजना छ ।<br>**दिवाकुमारी तिलिजा, उपाध्यक्ष, अन्नपूर्ण गाउँपालिका**<br>-गत वर्ष डम्पिङ साइड बनाउन रु. १५ लाख बिनियोजन भएपनि डिपिआर अनुसार बजेट अपुग भएकाले कार्यान्वयन भएन् । बजार क्षेत्रमा फोहोर व्यवस्थापनका लागि पहल गरिरहेका छौ । कुहिने फोहोरलाई मल बनाउन, सिसा र पलास्टिक जन्य फोहोरको सुरक्षित ब्यवस्थापनका लागि अनुरोध गर्दछु । |
| **५.** | **मेखबहादुर बरुवाल, अध्यक्ष घार खानेपानी आयोजना**<br>**-**घार खानेपानी आयोजनाको नयाँ उपभोक्ता समिति पुर्नगठन भएको एक वर्षसम्म पनि पुरानो समितिले हिसाब बुझाउनु भएको छैन । हिसाब किताब बरबुझारत नहुँदा हामीले केही काम गर्न पाएनौ । | **यामबहादुर बरुवाल, पुर्व अध्यक्ष**<br>**-**बैठक बसेर भदौ महिनाभित्र हिसाब सार्वजनिक गर्छौ । समितिको सबै पदाधीकारीको समय नमिलेर बैठक नबसेको हो । हिसाब किताब गडबढी भएको छैन । पारदर्शी हिसाबले काम गरेका छौ । |
| **६.** | **शिव खड्का, अन्नपूर्ण-६ बिरौटा**<br>-हाम्रो वडामा किन खेलमैदान बन्न नसकेको हो ? | **रामबहादुर खड्का, वडा अध्यक्ष, घार**<br>**-**खेलमैदानका लागि जग्गा खोज्न मेरो संयोजकत्वमा एउटा समिति बनाएका छौ । त्यो समितिले जग्गा पहिचान गरेपछि खरिद गर्ने र खेलमैदान बनाउने |

| | | |
|---|---|---|
| | -महायज्ञबाट क्याम्पसका लागि उठाएको रकम राखेको म्याग्दी सहकारी डुबेको भन्ने हल्ला आएको छ । त्यो पैसा निकाल्न के पहल गर्नुहुन्छ ? | काम शुरु हुन्छ ।<br>-म्याग्दी सहकारीका सचिव हिमबहादुर भण्डारीसँग सम्पर्क गरेर क्याम्पसको पैसा फिर्ता गराउन पहल गरिरहेको छु । |
| ७. | **डिलबहादुर बरुवाल, अन्नपूर्ण-६ घार**<br>-पहिरोका कारण मेरो घर बस्न नमिल्ने भएको छ । नयाँ ठाउँमा घर बनाउन पालिकाले के सहयोग गर्छ ? | **-दिवाकुमारी तिलिजा पुन, उपाध्यक्ष**<br>-मनसुनजन्य विपद्बाट भत्किएका घरको पुननिर्माण गर्न सरकारले रु. ५ लाख सहयोग गर्छ । प्राविधिक टोलीले नापजाँच, प्रहरीको मुचुल्का बनाएर गाउँपालिकामा निवेदन दिनुहोला । |
| ८. | **सुरेन्द्र पुन, खिवाङ टोल संयोजक**<br>-खिवाङको सामुदायिक स्वास्थ्य इकाईमा जहिले जाँदा पनि सिटामोल बाहेकको औषधी पाइदैन । गाउँपालिकाले नदिएको हो की त्यहाँको स्वास्थ्यकर्मीले बदमासी गरेका हुन ? | **विपना केसी, प्रमुख, घार स्वास्थ्य चौकी**<br>-खिवाङको स्वास्थ्य इकाईका स्वास्थ्य कर्मीले केही दिन अघि पनि घारबाट औषधी लानु भएको थियो । सकियो भने पालिकाबाट मागेर पठाएका छौ । उहाँले माग्दा वित्तिकै दिएका छौ । यस विषयमा के भएको रहेछ म बुझ्रेर जानकारी गराउछु । |
| ९. | **विपिन बरुवाल, घार युवा क्लव अध्यक्ष**<br>-एक वडा, एक मेलाको नीतिले कल्वहरुको आम्दानीको स्रोत प्रभावित भयो । यो नीति हटाउन मिल्दैन ? | **दिवाकुमारी तिलिजा पुन, उपाध्यक्ष**<br>-मेलाका कारण विद्यार्थीको पढाई बिग्रिएकाले एक वडामा एक वर्षमा एक वटा मात्र मेला लगाउने नीतिबाट पछि हट्दैनौ । क्लवले आम्दानीका लागि अन्य रचनात्मक काम गर्न सक्नुहुन्छ । |
| १० | **युवराज बरुवाल, अन्नपूर्ण-६ बिरौटा**<br>-विद्यालय समय, गाडीहरु छुट्ने समय एउटै हुँदा दुर्घटनाको जोखिम भयो । कुकुर र पशु चौपायाका कारण पनि दुर्घटनाको जोखिम बढेको छ । यसतर्फ के सोच्नु भएको छ ?<br>-करुवा रक्सी र बियरको बोत्तलले प्रदुषण बढाएको छ । आयातित मदिराको अव्यवस्थित प्रयोग नियन्त्रण गर्न के गर्न सकिन्छ ? | **रामबहादुर खड्का, वडा अध्यक्ष, घार**<br>-चालकहरुले तिब्र गतिमा सवारी साधन चलाउने गरेकाले सचेत बनाएका छौ । पशुलाई जंगल लैजाने समय मिलाउन पर्ने छ ।<br><br>-करुवा र कमशल रक्सी आयात रोक्ने विषयमा होटल व्यवसायी र सरोकारवालाहरुसँग छलफल गरेर निर्णय लिन्छौ । सबैले साथ दिनुभयो भने कमशल रक्सीको बिक्री वितरण मात्र होइन आयातित रक्सीनै बन्द गर्न तयार छौ । |

**प्रतिवेदन तयार पार्ने**
**सन्तोष गौतम**